Surkhet Journal
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
DOI:

नेपाली शब्दहरूको अक्षरीकरणमा देखापर्ने समस्या

Received on 9 July, 2025; Accepted on 25 August, 2025; Published on November, 2025

द्रोणलता खत्री
उपप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस वीरेन्द्रनगर सुर्खेत
khatridronalata69(@gmail.com
https/: orcid.org/0009-0001-9644-4073

सारसंक्षेप

प्रस्तुत लेख नेपाली शब्दहरूको अक्षरीकरणमा देखापर्ने समस्यासँग सम्वन्धित रहेको छ । नेपाली भाषाको अक्षरीकरण भाषिक संरचनाको एक आधारभूत र महत्त्वपूर्ण पक्ष हो । यसले शब्दहरूलाई उच्चारणका आधारमा सानाभन्दा साना ध्वनि एकाइ, अर्थात् अक्षरहरूमा विभाजन गर्ने प्रक्रियालाई जनाउँछ । यो प्रक्रिया भाषा सिक्न, सिकाउन, सही उच्चारण गर्न र भाषिक विश्लेषणका लागि अपरिहार्य मानिन्छ । यद्यपि, नेपाली भाषाको विशिष्ट ध्वनिशास्त्रीय संरचना र लेख्य प्रणालीका कारण अक्षरीकरणमा केही जटिलता र समस्याहरू देखा पर्छन् । अक्षरीकरण सिद्धान्तका आधारमा नेपाली भाषामा प्रचलित शब्दहरू यस अध्ययनका सामग्रीहरू हुन् । प्र्प्त सामग्रीको अध्ययनका लागि गुणात्मक प्रकृतिका व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । नेपाली भाषा जस्तो लेखिन्छ त्यस्तै बोलिन्छ भन्ने आम मान्यता भन्दा विपरीत कतिपय सवालमा लेखिएका शब्दहरू जस्ताको तस्तै उच्चारण हुन सक्दैनन् भन्ने कुरालाई यस अध्ययनले नेपाली शब्दहरूको केन्द्रीय र परिधीय अवयवहरूको स्पष्ट वर्गीकरण गरी अक्षरीकरणको सैधान्तिक मान्यताका आधारमा विश्लेषण गरेको छ । प्रस्तुत लेखमा अक्षरीकरणमा देखापरेका उच्चारणगत समस्या र त्यसको समाधानका उपायमा केन्द्रित रहेर अक्षरीकरणका स्पष्ट र मानकीकृत नियमहरू विकास गरी प्रविधिको प्रयोगमार्फत यी समस्याहरूलाई समाधान गर्न सकिन्छ । यस लेखमा नेपाली शब्दहरूको अक्षरीकरण, त्यसको संरचनात्मक स्वरूप, उच्चारण प्रक्रिया, अक्षरको संरचना, अक्षरको सप्ष्यात्मक अवस्था र अक्षरीकरण गर्दा देखा परेका समस्याहरूको विश्लेषण गरी त्यसमा आउने समस्याहरूको समाधानका लागि उपायहरू समेत प्रस्तुत गरिएकाले यस विषयसँग सम्बन्धित विद्यार्थी अनुसन्धानता एवं अन्य जिज्ञासुहरूलाई स्रोत सामग्री हुने कुराको समेत निष्कर्ष निकालिएको छ ।

प्रमुख पदावली : अक्षरीकरण, केन्द्रीय अवयव, परिधीय अवयव, द्विध्रुवीकरण, अर्धस्वर

समस्याकथन एवम् अनुसन्धानात्मक प्रश्नहरू

नेपाली भाषाको अक्षरीकरणका सामान्य नियमहरू भए पनि, व्यवहारमा यसको प्रयोगमा जटिलताहरू देखा पर्ने गर्छन् । विशेषगरी, संयुक्त व्यञ्जनहरूको अक्षरीकरणमा अस्पष्टता, हलन्त चिन्हको प्रयोग र यसको ध्वनिगत प्रभावमा एकरूपताको अभाव, अर्धस्वर तथा द्विध्रुवीकरणको व्यवस्थापनमा अन्योल, र आगन्तुक तथा तत्सम शब्दहरूको उच्चारणगत भिन्नताले अक्षरीकरणलाई जटिल बनाएको छ । विद्यार्थी र नयाँ भाषाका सिकारुहरूलाई शब्दको सही उच्चारण र अक्षर विभाजनमा समस्या हुन्छ । यसका साथै शिक्षकहरूलाई अक्षरीकरणका नियमहरू स्पष्ट पार्न र यसलाई प्रभावकारी रूपमा सिकाउन कठिनाइ हुने गरेको देखिन्छ । नेपाली भाषाको स्वचालित प्रशोधन (हिज्जे जाँच) का लागि शुद्ध अक्षरीकरण आवश्यक हुन्छ । वर्तमान समस्याले यस्ता प्रविधिहरूको विकासमा बाधा पुर्याएको मात्र नभई मानक नेपाली को लिखित र मौखिक स्वरूप निर्माण गर्न समेत जटिलता देखिने गर्छ । तसर्थ, नेपाली शब्दहरूको अक्षरीकरणमा देखापर्ने यी समस्याहरूको पहिचान गरी तिनका कारणहरूको विश्लेषण गर्नु र समाधानका सम्भावित उपायहरू सुझाउनु अपरिहार्य देखिन्छ । यसका लगि आवश्यक तपसिलका अनुसन्धानात्मक प्रश्नहरू निर्धारण गरिएको छ :

१. नेपाली भाषामा अक्षरीकरणका लागि वर्तमानमा प्रयोग भइरहेका नियमहरू र अभ्यासहरूको पहिचान गर्न सकिन्छ ?
२. नेपाली शब्दहरूको अक्षरीकरणमा संयुक्त व्यञ्जन, हलन्त, अर्धस्वर र द्विध्रुवीकरणले पार्ने प्रभाव के कस्तो छ ?
३. तत्सम र आगन्तुक शब्दहरूको अक्षरीकरणमा देखापर्ने विशिष्ट समस्याहरूको पहिचान के कसरी गर्न सकिन्छ ?
४. अक्षरीकरणका समस्याहरूलाई सम्बोधन गर्नका लागि उपयुक्त समाधानका उपायहरू र नीतिगत सुझावहरू के कस्ता हुन सक्छन् ?

अनुसन्धानको उद्देश्य

भाषाको उच्चारणमा अक्षरीकरणको भूमिका महत्त्वपूर्ण रहन्छ । संसारमा सबैभन्दा प्रचलित भाषामध्यको एक अङ्ग्रेजी भाषामा पनि त्यसको उच्चारण (प्रोनन्सिएसन) लाई सबैभन्दा बढी महत्त्व दिइन्छ । त्यसरी नै नेपाली भाषामा उच्चारण गर्दा आउने अवस्थाहरूले यस भाषाले प्रकट गर्ने अर्थलाई व्यक्त गरिरहेको हुन्छ । शब्दहरूको अक्षरीकरण पनि शब्दले व्यक्त गर्ने भाषाको गहिराइसँग वा त्यसको तात्पर्य सँग जोडिएको हुन्छ । यसरी हेर्दा अक्षरीकरण एउटा ध्वन्यात्मक भाषिक व्यवहार मात्र नभएर नेपाली भाषाको शब्दभित्र रहेको अर्थगत गहिराईलाई व्यक्त गरिरहेको हुन्छ भन्ने कुरा बुझ्नु जरुरी छ । नेपाली शब्दहरूको अक्षरीकरणमा देखापर्ने जटिलताको अध्ययन नै यस लेखको मुख्य शोध्य समस्या भएका कारण समस्याकथन र त्यसको जगमा निर्माण गरिएका अनुसन्धानात्मक प्रश्नहरूमा उठाइएका मूल शोध्यविषयलाई आधार मानी त्यसको वस्तुगत र परिणाममुखी विश्लेषणका लागि प्रस्तुत लेखमा

यस प्रकारका उद्देश्यहरू चयन गरिएको छ :

१. नेपाली भाषामा अक्षरीकरणका लागि वर्तमानमा प्रयोग भइरहेका नियमहरू र अभ्यासहरूको पहिचान गर्नु ।
२. नेपाली शब्दहरूको अक्षरीकरणमा संयुक्त व्यञ्जन, हलन्त, अर्धस्वर र द्विध्रुवीकरणले पार्ने प्रभाव को विश्लेषण गर्नु ।
३. तत्सम र आगन्तुक शब्दहरूको अक्षरीकरणमा देखापर्ने विशिष्ट समस्याहरूको पहिचान गर्नु ।
४. अक्षरीकरणका समस्याहरूलाई सम्बोधन गर्नका लागि उपयुक्त समाधानका उपायहरू र नीतिगत सुझावहरू प्रस्तुत गर्नु ।

पूर्वकार्यको समीक्षा

नेपाली भाषाको संरचनात्मक इतिहासलाई पहिल्याउँदै जाँदा यसको मातृस्वरूप संस्कृत हो भन्ने कुरामा अहिलेसम्म दुई मत देखिएको छैन । संस्कृत भाषाले लिखित स्वरूपलाई जति महत्त्व दिएको छ त्यति नै महत्त्व त्यसको उच्चारण प्रक्रियालाई दिइएको पाउन सकिन्छ । अर्थात् शब्दको लिखित स्वरूपको मूल्य जति छ त्यसको उच्चारणको महत्त्व पनि त्यति नै हुन्छ भन्ने कुरा यहाँ प्रष्ट हुन्छ । अक्षरीकरणका विषयमा चर्चा गर्दा शब्दको उच्चारण प्रक्रियालाई कम आकलन गर्न मिल्दैन अर्थात् अक्षरीकरण शब्दको लिखित स्वरूपको विश्लेषण मात्र नभई त्यसको उच्चारण प्रक्रियाको ट्रान्सक्रिप्सन पनि हो । जे. डि. ओ´कर्नरले *पोलिटिक्स* (सन् १९९१) नामक पुस्तकमा ध्वनिशास्त्रको व्याख्या गर्दै ध्वनिका स्वरूपहरूको चर्चा गरेका छन् । त्यस क्रममा उनले अक्षर अक्षरको संरचना र अक्षरीकरणका बारेमा समेत विश्लेषण गरेको पाइन्छ र कुनै शब्द निर्माण हुँदा अक्षरको भूमिका कस्तो हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । व्यास आर्ट्स नामक विद्वानले *इङ्लिस सिन्ट्याक्स एण्ड आर्गुमेन्टेसन* (सन् १९९७) मा शब्द पद र पदावलीको बारेमा चर्चा गरेका छन् । उनले यस पुस्तकमा शब्दको भूमिका प्रकार र प्रकारको विस्तृत व्याख्या गरेका छन् । त्यसमा उनले शब्दको भूमिकाका विविध बारेमा चर्चा गरे पनि शब्दको अक्षरीकरणका बारेमा विश्लेषण गर्न सकेका छैनन् ।

नेपाली शब्दको अक्षरीकरणका विषयमा प्रशस्त पूर्वकार्यहरू भएका छन् । तिनीहरूमा भाषिक संरचनामा अक्षरको भूमिका त्यसको प्रयोग र प्रभावका संक्षिप्त स्वरूपहरू पाइन्छ । माधवप्रसाद पोखरेलले *ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि परिचय* (२०५७) मा ध्वनि विज्ञानको प्रकार्य र भूमिकाका सम्बन्धमा अक्षरको भूमिकालाई निर्धारण गरेका छन् । त्यसमा उनले अक्षरका केन्द्रीय र सहायक तत्त्वको बारेमा चर्चा गरेका छन् । त्यसमा अक्षरका केन्द्रीय तत्त्वहरूको भूमिकामा सहायक ध्वनिहरूले सहयोगी भूमिका मात्र खेल्न सक्ने उनको ठम्याइ छ । योगेन्द्र प्रसाद यादव र भीमनारायण रेग्मीले भाषाविज्ञान (२०५८) मा ध्वनि विज्ञानको चर्चा गर्ने क्रममा अक्षर को परिचय दिँदै अक्षरीकरण र नेपाली अक्षरको संरचनात्मक स्वरूपलाई देखाएका छन् । जसमा उनले नेपाली शब्दहरूको सफ्यात्मक

अवस्था र तिनीहरूको स्वरूप प्रस्तुत गरेका छन् । देवीप्रसाद गौतम र अन्यले *स्नातक नेपाली* (२०६९) मा अक्षरीकरणको संक्षिप्त चर्चा गरेका छन । यसमा उनीहरूले नेपाली अक्षरहरूको संरचनामा एकाक्षरी शब्ददेखि दशाक्षरी शब्दहरूको उच्चारण प्रक्रिया संरचना स्वर र व्यञ्जनको भूमिका र अक्षर सङ्ख्याको निर्धारण गरेका छन् । नेपाली शब्दहरूको अक्षरीकरणमा आउने मूल समस्या के हो भन्ने बारेमा प्रस्तुत पुस्तकमा कुनै चर्चा पाइँदैन । नारायण प्रसाद शर्मा गैरे र अन्य (२०७०) ले *स्नातक स्तरीय नेपाली*मा अक्षरीकरणमा देखा परेका स्वरूपहरूको चर्चा गरेका छन् । त्यसमा उनीहरूले अक्षरीकरणको स्वरूप र अक्षरीकरण गर्दा ध्यान दिनुपर्ने कुराहरुलाई उल्लेख गरेका छन् । यसमा उनीहरूले अक्षरीकरणमा देखापर्ने जटिलताका बारेमा कुनै प्रष्ट अवधारणा प्रस्तुत गरेको देखिँदैन । दयाराम श्रेष्ठ र अन्यले *स्नातक तह सुबोध अनिवार्य नेपाली* (२०७१) मा अक्षरीकरणको प्रक्रिया र त्यसका स्वरूपहरुलाई निर्धारण गरेका छन् । यसमा उनीहरूले अक्षरीकरणको अवधारणा अक्षरीकरण प्रक्रिया र तरिकाका साथै नेपाली शब्दहरूको अक्षरीकरणका विविध स्वरूपहरुलाई देखाएका छन् । यस कार्यमा उनीहरूले नेपाली शब्दहरूको अक्षरीकरणको मूल समस्यालाई केलाउन खोजेको देखिन्छ तर त्यसको समस्याको केन्द्र र वर्तमान समयमा अक्षरीकरणको समस्यालाई समाधान गर्ने उपायका बारेमा खोजी गरेको पाइँदैन । अक्षरीकरणसँग सम्बन्धित उपयुक्त प्रयोग पूर्वकार्यहरूले अक्षरीकरणका विविध स्वरूप र अवस्थालाई विश्लेषण गरे पनि नेपाली शब्दहरूको अक्षरीकरणमा देखापर्ने मूल समस्यालाई ठम्याई त्यसको विश्लेषण र निराकरणका बारेमा खोज गरेको देखिँदैन । यसै आधारमा प्रस्तुत लेखको शोध अन्तराल पहिचान गरी शोध अन्तरालका आधारमा नेपाली शब्दहरूको अक्षरीकरणमा देखापर्ने जटिलताका समाधानका उपायहरूको खोजी गरिएको छ ।

अनुसन्धान विधि

भाषिक अनुसन्धान आफैमा एक जटिल र महत्त्वपूर्ण कार्य हो । नेपाली भाषाको संरचनात्मक स्वरूपको अनुसन्धान त्यसै पनि जटिल मानिन्छ । अक्षरीकरणका सम्बन्धमा खोज गर्नु सामान्य लिखित दस्तावेजको खोजभन्दा अझ पृथक र उच्चारणगत जटिलता भएको अनुसन्धान कार्य हो । यो अनुसन्धान गुणात्मक र परिमाणात्मक दुबै विधिमा आधारित छ । अध्ययनका लागि नेपाली भाषाका विभिन्न पाठ्यपुस्तक, व्याकरण, शब्दकोश, र साहित्यिक सामग्रीहरूलाई प्रमुख स्रोतका रूपमा प्रयोग गरिएको छ । त्यसैगरी तथ्यांक संकलनका लागि निम्न विधिहरू प्रयोग गरिएको छ । अक्षरीकरणमा देखापर्ने समस्या र त्यसको लिखित एवं मौखिक स्वरूपको व्यवहारिक प्रयोगका माध्यमबाट विषयवस्तुको अध्ययन सुरु गरिएकाले आगमन विधिलाई अपनाइए तापनि यस लेखमा अक्षरीकरणको सिद्धान्त त्यसको व्यावहारिक प्रयोगका शैलीहरूसँग सम्बन्धित सैद्धान्तिक विषयलाई सूक्ष्म रूपमा उठाइएकाले निगमनात्मक विधिलाई समेत अध्ययनमा समेटिएको छ । यस अध्ययनको विधि र प्रक्रियालाई यसरी प्रस्तुत गरिएको छ :

सामग्रीका स्रोतहरू

भाषिक अनुसन्धानलाई वैज्ञानिक वस्तुनिष्ठ, विश्वसनीय र वैध बनाउनका लागि तथ्यपरक सामग्रीको स्रोत पहिल्याउनु आवश्यक हुन्छ । यसै कारणले प्रस्तुत लेखमा पनि सामग्री संकलनका लागि प्राथमिक एवम् द्वितीयक दुवै तहका स्रोतको प्रयोग गरिएको छ । जसअन्तर्गत प्राथमिक नेपाली भाषामा प्रचलित शब्दहरू प्राथमिक स्रोत हुन् भने त्यससँग सम्बन्धित भएर लेखिएका अनुसन्धानत्मक पुस्तकहरू, अध्ययन प्रतिवेदन सन्दर्भग्रन्थ, डकुमेन्टरीलाई द्वितीयक सामग्रीका रूपमा प्रस्तुत गरिएको छ यसका साथै अक्षरीकरणसँग सम्बन्धित सैद्धान्तिक एवम् प्रायोगिक पुस्तक, अनुसन्धानत्मक एवम् कार्यपत्रलाई समेत द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ ।

सामग्री सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययन पुस्तकालय विधिमा आधारित रहेकाले अध्ययनलाई पूर्ण गर्नका लागि नेपाली भाषालाई जनसङ्ख्या मानी त्यस अन्तर्गत कथ्य र लेख्य स्वरूपमा भिन्नता देखापर्ने शब्दलाई स्वदेश्य नमुनाका रूपमा लिएको छ । अध्ययनको उद्देश्य अनुरूप नेपाली स्वर र व्यन्जर वर्णहरूको अवस्था, तिनीहरूको उच्चार्य रूप, शब्दहरूको केन्द्रीय र परिधीय अवयव, अक्षरीकरणमा स्वर र व्यञ्जन वर्णहरूको निर्धारित भूमिका तथा त्यसले लेख्य र उच्चार्य स्वरूपमा भिन्नता ल्याउने शब्दहरुलाई सामग्रीका रूपमा संकलन गरिएको छ । यसकै आधारमा प्रस्तुत लेखमा प्रयोजनपरक नमुना छनोट पद्धतिको प्रयोग गरिएको छ ।

सामग्रीको विश्लेषण प्रक्रिया

अध्ययनलाई निष्कर्षमा पुर्याउन पुस्तकालय अध्ययन र नेपाली भाषाको व्यावहारिक प्रयोगको अवस्थामा जोड दिएको छ । अध्ययन तथा विश्लेषणका क्रममा सैद्धान्तिक पर्याधार निर्माण गर्नका लागि सम्बन्धित सैद्धान्तिक पुस्तक र सोसँग सम्बन्धित श्रव्य दृश्य पाठ्य सन्दर्भ सामग्रीको उपयोग गरिएको छ । अध्ययनमा नेपाली भाषामा वर्गीकृत स्वर र व्यञ्जन वर्णहरूको अवस्था निर्धारण गरी त्यस अनुरूप लेखिने र बोलिने स्वरूपको अङ्कन गर्दै अक्षरीकरणमा देखापर्ने समस्याहरूको आधार र कारणहरूको पहिचान गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयका स्नातक र स्नातकोत्तर तहका नेपाली विषयका पाठ्यक्रमहरू, माध्यमिक तहका नेपाली पाठ्यपुस्तकहरू र नेपाली शब्दकोशहरूमा अक्षरीकरण सम्बन्धी नियम तथा अभ्यासहरूको तुलनात्मक विश्लेषण गरिएको छ । यसबाट अक्षरीकरणका नियमहरूमा रहेको एकरूपता वा भिन्नताको खोजी गरिएको छ । यस अध्ययनमा अक्षरीकरणमा विशेष समस्या देखिएका निर्धारित नेपाली शब्दहरूको नमुना अध्ययन गरिएको छ । ती शब्दहरूमा अक्षरीकरण कसरी गरिन्छ र त्यसका पछाडिका तर्कहरू के छन् भन्ने विश्लेषण गरिएको छ । प्राप्त तथ्यांकलाई तुलनात्मक विश्लेषणका माध्यमबाट व्याख्या गरिएको छ ।

सीमाङ्कन

यस लेखमा अक्षर संरचनाको आधारभूत पक्षको खोजी गरिएको छ । त्यसका लागि नेपाली शब्दहरूको संरचना अक्षरीकरण प्रक्रिया र शब्दहरूको अक्षरीकरणमा देखापरेका समस्याहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यस बाहेक भाषिक संरचनाका अन्य पक्षहरूको विश्लेषण गरिएको छैन । भाषिक संरचनामा रूपभन्दा माथिल्लो र शब्दभन्दा तल्लो इकाइका रूपमा मानिने अक्षरको सैद्धान्तिक र व्यवहारिक प्रयोग र त्यसको अक्षरीकरणको प्रयोगमा देखापरेका विविधतालाई यस लेखमा सुक्ष्म रूपमा केलाइएको छ । प्रस्तुत लेख नेपाली शब्दहरूको अक्षरीकरण र तिनीहरूको उच्चारणगत प्रयोगमा देखापर्ने जटिलतामा सीमित रहेको छ । यस आधारमा शब्दको प्रयोगका अन्य स्वरूप र आयामहरूलाई यसले समेटेको छैन । मूलतः नेपाली स्वर र व्यञ्जन वर्णहरू प्रयोगमा आउँदा उच्चारणगत रूपमा देखापर्ने पार्थक्यलाई अध्ययनले समेटेको हुँदा अन्य पक्षहरूको बारेमा खोजी नगरिनु नै यसको सीमाङ्कन हो ।

अक्षरीकरणको सैद्धान्तिक आधार

हरेक भाषाको आफ्नै ध्वनि प्रणाली र अक्षर संरचना हुन्छ । देवनागरी लिपिमा लेखिने नेपाली भाषाको उच्चारण तथा लेखनबीचको सम्बन्ध तुलनात्मक रूपमा अन्य भाषाभन्दा सरल छ । यसको मुख्य कारण यसको वर्णात्मक ध्वनितात्विक लिपि व्यवस्था हो । यति हुँदाहुँदै पनि कतिपय शब्दहरूको लिपि र त्यसको उच्चारणगत स्वरूपमा केही भिन्नता देखिन्छ । नेपाली भाषाको मूल स्रोत संस्कृत भाषा हो जसका शब्दहरू र तिनीहरूको उच्चारण वर्तमान प्रयोगका दृष्टिकोणले भिन्नता देखिने गरेको छ (पोखरेल, २०५७: पृ. १४) । नेपालीमा एउटा अक्षरमा कम्तिमा एउटा स्वर ध्वनि हुन्छ, र अक्षरहरू प्रायः व्यञ्जन र स्वरको संयोजनबाट बन्छन् । सामान्यतया, नेपालीमा अक्षरहरूलाई खुल्ला अक्षर (स्वरमा टुङ्गिने, जस्तैः का, जा) र बन्द अक्षर (व्यञ्जनमा टुङ्गिने, जस्तैः घर, कलम) गरी वर्गीकरण गरिन्छ ।

ध्वनिविज्ञान र ध्वनिग्रामिक अध्ययनहरूले नेपाली अक्षर संरचनाका नियमहरू निर्धारण गर्न मद्दत गरेका छन् । तर, संयुक्त व्यञ्जन, हलन्तको प्रयोग, आगन्तुक शब्दहरूको समायोजन र क्षेत्रीय उच्चारणगत भिन्नताले गर्दा नेपाली शब्दहरूको अक्षरीकरणमा एकरूपता ल्याउन चुनौती देखिएको छ । यसले नेपाली भाषाशिक्षण, नेपाली भाषिक स्रोतको कम्प्युटरजनित प्रशोधन र शब्दकोश निर्माणमा समेत प्रत्यक्ष प्रभाव परेको देखिन्छ । अक्षर औपचारिक एकाइ हो । यो कुनै पनि भाषिक एकाइको लेख्य रूपसित पूर्णत नमिल्न सक्छ (गौतम र चौलागाईं, २०७०, पृ. १३४) । अक्षरीकरणमा हुने अस्पष्टताले भाषिक शुद्धतामा कमी ल्याउनुका साथै मानक भाषिक स्वरूप निर्माण गर्न एवम् भाषा सिक्ने र सिकाउने प्रक्रियालाई थप जटिल बनाएको देखिन्छ ।

अक्षर र क्षरीकरण

अक्षरीकरण भाषिक संरचनाको एक महत्त्वपूर्ण पक्ष हो । एक भुल्को सासमा उच्चारण गर्न सकिने शब्दको एउटा एकाइलाई अक्षर भन्दछन् (पोखरेल, २०६५, पृ. १०९) । समग्रमा श्वासप्रश्वासमा

अभिव्यक्त हुने वायुको प्रवाह नै अक्षर हो र त्यो हरेक प्रवाहमा स्वर वर्णको आवश्यकता अपरिहार्य मानिन्छ । यसरी हेर्दा कुनै अक्षर बन्नका लागि आधारभूत रूपमा स्वर र त्यसका सहयोगी स्वरूपको रूपमा व्यञ्जन वर्णहरूको आवश्यक पर्ने देखिन्छ । कतिपय सवालमा अक्षर र वर्णलाई एउटै मान्ने गरेको देखिन्छ तर उच्चारणका दृष्टिले यी दुवै पृथक हुन् भन्ने कुरा जान्नु जरुरी छ । वर्णहरू अर्थभेदक एकाइ मात्र हुन् भने अर्कोतर्फ अक्षर अर्थवेदक एकाइहरूको समुच्चय हो जसले उच्चारणमा आफ्नो विशिष्टता प्रस्तुत गर्दछ ।

यसले शब्दहरूलाई उच्चारणका आधारमा अक्षरहरूमा विभाजन गर्ने प्रक्रियालाई बुझाउँछ । यो भाषिक ज्ञान, उच्चारण शुद्धता र भाषिक विश्लेषणका लागि अपरिहार्य भए पनि नेपाली शब्दहरूको अक्षरीकरणमा केही जटिलता र समस्याहरू देखा पर्छन् । यी समस्याहरूले नेपाली भाषा सिक्ने, सिकाउने र यसको कम्प्युटेसनल प्रोसेसिङमा समेत चुनौतीहरू सिर्जना गरिरहेका छन् । सामान्यतया, एक अक्षरमा एउटा मात्र स्वर ध्वनि हुन्छ । अक्षर बन्नका लागि एक वा एकभन्दा बढी वर्णहरू चाहिन्छन् । नेपाली अक्षरको संरचनामा स्वर वर्ण आफै अक्षर बन्न सक्छन् भने व्यञ्जन वर्ण आफै अक्षर बन्न सक्दैनन् । स्वरका सहायताले मात्र व्यञ्जन अक्षर बन्न सक्छन् (पोखरेल, २०६५, पृष्ठ ६६) । अक्षरको संरचना व्यञ्जन र स्वरको संयोजनबाट बन्छ । नेपालीमा अक्षरहरूलाई मुख्यतया तीन प्रकारमा विभाजन गर्न सकिन्छ :

क. खुल्ला अक्षर : जुन स्वर ध्वनिमा टुङ्गिन्छ (जस्तैः का, जा, हिँड) ।

ख. बन्द अक्षर : जुन व्यञ्जन ध्वनिमा टुङ्गिन्छ (जस्तैः घर्, कल्, सम्) ।

ग. अनुनासिक अक्षर : जसमा अनुनासिक ध्वनि समावेश हुन्छ (जस्तैः सँग, पाँच, बाँझो) ।

एउटा अक्षर निर्माण गर्न एउटा स्वर वर्ण चाहिन्छ भन्ने विषय माथि नै भनिसकिएको छ तर सो स्वर वर्णको अगाडि र पछाडि जोडिने व्यञ्जन वर्णहरू एक अर्कासँग खप्टिएर आउने गरेकाले ती ध्वनिहरू कुन अक्षरसँग गएर उच्चारण हुन्छन् भन्ने कुराले स्पष्टता सिर्जना गर्ने गरेको छ । आधारभूत नियमहरू स्पष्ट भए पनि नेपाली भाषाको यस्ता विशिष्ट प्रकृतिले अक्षरीकरणमा केही समस्याहरू निम्त्याएको छ ।

अक्षरीकरणमा देखापर्ने प्रमुख समस्याहरू

अक्षरीकरण एउटा भाषिक संरचनात्मक स्वरूप हो । जसको विशिष्ट आफ्नै प्रक्रिया हुन्छ । अक्षरले शब्दको उच्चारण प्रक्रियालाई प्रस्ट्याउँछ । यदि निर्धारित शब्द स्पष्ट उच्चारण हुन सकेन भने त्यसले व्यक्त गर्ने अर्थमा भिन्नता वा विविधता उत्पन्न गर्न । सक्छ समग्रमा भन्दा अक्षरीकरण शब्दको उच्चारण प्रक्रियालाई प्रस्ट्याउने आधारभूत संरचनात्मक स्वरूप हो भन्ने बुझ्न जरुरी छ । नेपाली शब्दहरूको अक्षरीकरणमा यसको भाषिक सन्दर्भ र पृष्ठभूमिले काम गरेको देखिन्छ । मूलत संस्कृत, प्राकृत हुँदै नेपालीमा आएका कैयन शब्दहरूले ध्वनितत्त्वमा परिवर्तन भएको पाइन्छ ।

संस्कृतको ध्वनितत्त्व प्राकृतमा परिवर्तन हुने र प्राकृतबाट नेपालीमा आउँदा सो ध्वनि लोप हुने र लोप भइसकेपछि अगाडिको स्वर ध्वनि दीर्घ हुने नियमित प्रक्रिया पाइन्छ (गौतम र अन्य, २०६९, पृ. ३६४) । यसरी निर्माण भएका क्षतिपूरक शब्दहरूका कारणले पनि अक्षरीकरणमा जटिलता सिर्जना भएको देखिन्छ ।

संयुक्त व्यञ्जनको व्यवस्थापन

संयुक्त व्यञ्जन नेपाली भाषामा मात्र नभई विश्वका प्राय भाषाहरूमा पाइन्छ । स्वर वर्णको उच्चारण बिना व्यञ्जन वर्ण उच्चरित नहुने भए पनि कतिपय अवस्थामा युगल व्यञ्जन वर्ण गर्नुपर्ने अवस्था आउँछ । अक्षरीकरणमा व्यञ्जन वर्णले सहायक भूमिका खेले पनि शब्दको अर्थ भेदमा यिनीहरूको विशिष्ट भूमिका रहने गर्छ । त्यसका साथै संयुक्त व्यञ्जन वर्णले दिने अर्थ उच्चारणको प्रकृति विशिष्ट किसिमको हुन्छ । नेपालीमा संयुक्त व्यञ्जनहरूको प्रयोग सामान्य छ, जुन शब्दको सुरु, मध्य वा अन्त्यमा आउन सक्छन् । यस्ता अवस्थामा अक्षरीकरण जटिल बन्न जान्छ ।

शब्दको सुरुमा: यदि दुई वा सोभन्दा बढी व्यञ्जनहरू शब्दको सुरुमा एकसाथ आउँछन् भने तिनीहरूलाई एउटै अक्षर मानिन्छ (जस्तैः प्र-भात, स्‌ -कुल) । यी व्यञ्जनहरूलाई एकै अक्षरमा समेट्नका लागि भाषिक ज्ञान र उच्चारणको स्पष्टता चाहिन्छ, जुन नयाँ सिक्नेहरूका लागि चुनौतीपूर्ण हुन सक्छ ।

शब्दको मध्यमा: शब्दको बीचमा आउने संयुक्त व्यञ्जनहरूको प्रायः अन्योल हुन्छ । सामान्य नियमअनुसार पहिलो व्यञ्जन अघिल्लो अक्षरमा र बाँकी पछिल्लो अक्षरमा जान्छन् (जस्तैः वि-द्या-लय, स-म्पर्-क) तर, कतिपय अवस्थामा यो नियम सबै संयुक्त व्यञ्जनमा लागू नहुन सक्छ, जसले अक्षरीकरणमा अस्पष्टता ल्याउँछ । जस्तै, 'कर्कट' लाई 'क-र्क-ट' वा 'कर्-कट' कसरी गर्ने भन्नेमा उच्चारणगत भिन्नताले समस्या ल्याउँछ ।

हलन्त चिन्ह (्) को प्रयोग र यसको अक्षरीकरणमा प्रभाव

नेपालीमा हलन्त चिन्हले व्यञ्जनलाई स्वररहित बनाउँछ । सैद्धान्तिक रूपमा हलन्त लागेको व्यञ्जन अघिल्लो अक्षरको अन्त्यमा जोडिनुपर्छ (जस्तैः अ-न्त, सि-ङ्ग-र) । तर, व्यवहारमा हलन्तको प्रयोगमा एकरूपता नहुनु र कतिपय अवस्थामा लेख्य रूपमा हलन्त नभए पनि उच्चारणमा हलन्तको प्रयोग हुनुले अक्षरीकरणमा भ्रम सिर्जना गर्छ । उदाहरणका लागि, 'मान्छे' लाई 'मा-न्छे' वा 'मान्-छे' कसरी अक्षरीकरण गर्ने भन्नेमा द्विविधा हुन्छ । कतिपय शब्दमा 'क् + य' बाट बनेको 'क्य' वा 'त् + य' बाट बनेको 'त्य' लाई छुट्टाछुट्टै अक्षर मान्ने कि एकै अक्षर मान्ने भन्नेमा पनि समस्या छ ।

द्विध्रुवीकरणको व्यवस्थापन

द्विध्रुवीकरणको अवस्था पनि नेपाली भाषामा शब्दको उच्चारण र त्यसको अक्षरीकरण गर्दा

देखापर्ने जटिल विषय हो । नेपाली स्वर वर्णहरूको आफ्नै विशिष्ट एवं स्वतन्त्र अस्तित्त्व भएतापनि तिनीहरू नेपाली शब्दहरूको उच्चारणमा आवश्यकताका आधारमा सँगै आउनुपर्ने अवस्था देखा पर्दछ । नेपालीमा दुई स्वर ध्वनिहरू एकै अक्षरमा आउने अवस्थालाई द्विध्रुवीकरण भनिन्छ (जस्तैः औ, ऐ) । यी ध्वनिहरूलाई एउटै अक्षर मानिन्छ (जस्तैः औ-षधि, कौ-डा) । यी स्वरहरूलाई एउटै अक्षरका रूपमा चिन्न र त्यसैअनुसार विभाजन गर्न भाषिक दक्षता चाहिन्छ, जसले भाषिक विश्लेषणमा जटिलता ल्याउँछ ।

अर्धस्वर (अन्तःस्थ) को भूमिका

नेपाली भाषामा प्रचलित कतिपय वर्णहरू हेर्दा व्यञ्जन जस्ता लागे पनि तिनीहरूले आवश्यकताका आधारमा स्वर वर्णको समेत भूमिका निर्वाह गर्न सक्छन् । यसरी हेर्दा तिनीहरु व्यञ्जन वर्ण भनिएता पनि उच्चारणका हिसाबले स्वर वर्णको भूमिका निर्वाह गरेका हुन्छन् । शब्दहरुको उच्चरणमा प्रयोग हुने स्वर र व्यञ्जनको वीचको अवस्था ने अर्धस्वर हो । यी दुई वीचको भिन्नताका विषयमा माधवप्रसाद पोखरेल लेख्दछन्:

अक्षरको संरचनाकै आधारमा प्रतिशाख्यहरूमा स्वर व्यञ्जन र अन्तःस्थको परिभाषा गरिएको छ । जुन ध्वनिले अक्षरको केन्द्र ओगट्न सक्छ त्यो ध्वनि प्रतिशाख्यअनुसार स्वर हो, जुन ध्वनिले अक्षरको केन्द्र स्थान कहिल्यै ओगट्न सक्दैन प्रतिशाख्य अनुसार त्यो ध्वनि व्यञ्जन हो । जुन ध्वनि कहिले अक्षरको परिधि (आरम्भ र विराम) स्थानमा आएर व्यञ्जनको जस्तो व्यवहार गर्छ, कहिले अक्षरको केन्द्रमा आएर स्वरको जस्तो व्यवहार गर्छ । व्यञ्जनको जस्तो व्यवहार गरेर परिधिमा आएका त्यस्ता परिधीय ध्वनिलाई अन्तःस्थ भन्दछन् त्यसैले संस्कृतका स्वर र अन्तस्थको भेद ध्वनिको आक्षरिक र अनाक्षरिक स्थितिको भेद मात्र हो । (२०५७, पृ. १११)

'य' र 'व' जस्ता अर्धस्वरहरू नेपालीमा कहिले व्यञ्जनको रूपमा आउँछन् भने कहिले स्वरसँग मिलेर अक्षर बनाउँछन् । यसले अक्षरीकरणमा फरक पार्छ । जस्तै, 'कथा' मा 'क-था' हुन्छ भने 'माया' मा 'मा-या' हुन्छ । 'क्याम्पस' मा 'क्या' एक अक्षर हो । अर्धस्वरको भूमिका र यसले अक्षरको सीमा निर्धारणमा पार्ने प्रभावबारे स्पष्ट नियमको अभावले समस्या उत्पन्न गराउँछ ।

शब्दको व्युत्पत्ति र उच्चारणको भिन्नता

वर्तमान समयमा नेपाली भाषाको आफ्नै उच्चारणगत विशिष्टता छ यति हुँदाहुँदै पनि नेपाली भाषाको जरा संस्कृत नै हो भन्ने कुरालाई बिर्सन सकिँदैन । नेपाली भाषामा प्रयोग हुने कतिपय त्यस्ता शब्दहरू छन् जसको उच्चारण वर्तमान नेपाली व्यावहारिक भाषिक स्वरूपमा पाइँदैन । तैपनि त्यसलाई लिखित रूपमा प्रयोग गरिँदै आएको छ । नेपाली भाषामा तत्सम (संस्कृतबाट आएका), तद्भव र आगन्तुक (अन्य भाषाबाट आएका) शब्दहरूको संख्या ठूलो छ । यी शब्दहरूको अक्षरीकरण गर्दा मूल भाषाको उच्चारण र नेपाली भाषाको उच्चारणबीचको भिन्नताले समस्या ल्याउँछ । उदाहरणका लागि,

'विज्ञान' लाई 'वि-ज्ञान' भनेर अक्षरीकरण गरिन्छ, जहाँ 'ज्ञा' एउटै अक्षर हुन्छ, जुन संस्कृतको प्रभाव हो । यस्ता शब्दहरूमा नेपालीको सामान्य अक्षर संरचनाका नियमहरू लागू नहुन सक्छन् ।

अक्षरको केन्द्रीय र परिधीय अवयव

नेपाली अक्षरको संरचनामा स्वरवर्णको सर्वाधिक महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै भाषाको जुनकुनै अक्षरमा एक वा एकभन्दा बढी ध्वनि हुन्छन् । एउटा अक्षरमा भएका त्यस्ता अनेक ध्वनिमध्ये एउटा ध्वनि चाहिँ तुलनात्मक रूपले सबभन्दा परसम्म सुनिन्छ कुनै अक्षरको जुनचाहिँ ध्वनि सबभन्दा परसम्म सुनिन्छ त्यसलाई अक्षरको केन्द्र भन्दछन् (पोखरेल, २०५७, पृ. १०९) । यसको अक्षर संरचनामा स्वरमात्र भएको, स्वरका साथमा अगाडिपट्टि व्यञ्जन रहेको, स्वरका साथमा पछाडिपट्टि व्यञ्जन रहेको, स्वरका अगाडि पछाडि दुवैतिर व्यञ्जन भएको समेत अक्षर हुन्छ । अक्षर बन्न स्वर अनिवार्य रूपमा हुनै पर्दछ तर व्यञ्जन नभएर पनि स्वर एक्लै समेत अक्षर बन्न सक्छ । अक्षरको रचनामा स्वरको भूमिका मुख्य हुने र व्यञ्जनको भूमिका गौण हुने हुँदा स्वरलाई अक्षरको अनिवार्य अवयव मानिन्छ भने व्यञ्जनलाई ऐच्छिक अवयव मानिन्छ ।

केन्द्रीय भाग

अक्षरको अनिवार्य वा मुख्य अंशलाई केन्द्रीय भाग भनिन्छ । यसैलाई केन्द्रीय तत्त्व वा केन्द्रीय अवयव पनि भनेको पाइन्छ । नेपाली अक्षरहरूको संरचनामा केन्द्रीय भागको भूमिका मुख्य हुन्छ । जसको अभावमा अक्षरको रचना हुन सक्तैन । बोल्ने क्रममा फोक्साबाट निस्कने सास बढी प्रवाहित भई एकदम प्रष्ट रूपमा सुनिने र बुझिने अक्षरको शीर्ष भाग केन्द्रीय भाग हो । यसैलाई अक्षरको केन्द्र वा केन्द्रक पनि भन्ने चलन छ । नेपाली भाषाका अक्षरहरूको संरचनामा स्वरवर्णहरू मात्र केन्द्रीय भागका रूपमा देखा परेका छन् ।

परिधीय भाग

ऐच्छिक वा अक्षरको गौण अंशलाई परिधीय भाग भनिन्छ । यसैलाई परिधीय तत्त्व वा परिधीय अवयव पनि भनेको पाइन्छ । परिधीय भागबाट मात्र अक्षर बन्न सक्तैन । केन्द्रीय भाग (स्वर) का साथमा परिधीय भाग (व्यञ्जन) रहे पनि नरहे पनि अक्षरको रचना हुन सक्छ। बोल्ने क्रममा फोक्साबाट निस्कने सास कम प्रवाह भई कमै प्रस्ट रूपमा सुनिने र कमै बुझिने अक्षरको अर्धस्वर भाग नै परिधीय भाग हो । नेपाली भाषाका अक्षरहरूको संरचनामा व्यञ्जन र अर्द्धस्वर नै गहवर वा परिधीय भागका रूपमा देखापरेका छन् । परिधीय भाग पनि प्रारम्भक र समापक गरी दुई प्रकारका हुन्छन् । अक्षरको केन्द्रीय भाग (स्वर) भन्दा अगाडि प्रयोग हुने व्यञ्जनलाई प्रारम्भक भनिन्छ भने पछाडि प्रयोग हुने व्यञ्जनलाई समापक भनिन्छ । प्रारम्भकलाई पूर्वगह्वर र समापकलाई पर गह्वर पनि भनेको पाइन्छ । प्रारम्भक, केन्द्रक र समापकद्वारा निर्मित अक्षरहरू पनि संरचनाका दृष्टिले मुक्ताक्षर र बद्धाक्षर गरी दुई प्रकारका छन् । केन्द्रक मात्र वा प्रारम्भक र केन्द्रकका योगबाट बनेका अक्षरलाई मुक्ताक्षर भनिन्छ ।

केन्द्रक र समापकका योगबाट बनेका अक्षर वा प्रारम्भक, केन्द्रक र समापक तीनै तत्त्व मिलेर बनेका अक्षरलाई बद्धाक्षर भनिएको छ । अ, आ, इ, उ, ए, ओ खा, जा, ला, हो, स्त्रि आदि यसका उदाहरणहरू हुन् भने अङ्, आस्, काम्, धाम्, दाम्, नाम्, ब्ल्याङ् आदि बद्धाक्षरका उदाहरणहरू हुन् । यसरी हेर्दा संरचक अवयवका आधारमा अक्षरका मुख्य चार स्वरूपहरू रहेका छन् ।

(१) केन्द्र मात्र हुने अक्षर, जस्तोः अ, आ, इ, उ, ए, ओ आदि ।
(२) प्रारम्भक र केन्द्रक हुने अक्षर, जस्तोः जा, स्त्रि आदि ।
(३) केन्द्रक र समापक हुने अक्षर, जस्तोः उन्, एक आदि ।
(४) प्रारम्भक केन्द्रक र समापक तीनै हुने अक्षर, जस्तोः काम, खाम आदि । (गैरे र अन्य, २०६९, पृ. ३) ।

यसरी हेर्दा अक्षरको केन्द्रकलाई मुख्य आधार बनाई प्रारम्भक र समापकले अक्षर निर्माणमा सहयोग गरेको देखिन्छ ।

अक्षरीकरणका उच्चारणगत जटिलता

भाषा एक गतिशील स्वरूप भएकाले यसलाई कुनै व्याकरणिक वा अन्य नियमले बाँध्न सकिँदैन । त्यसमा पनि लेखेर तथ्य स्वरूपमा भिन्नता आउनु स्वभाविक नै हो । अक्षरीकरण अक्षर विभाजनको प्रक्रिया हो । यसमा कुनै एक शब्दमा रहेका एकभन्दा बढी अक्षरहरुलाई छुट्याएर देखाइन्छ । यसैगरी अक्षर अर्थसँग असम्बन्धित उच्चारणको एकाइ भएकाले रूपसँग यसको कुनै सम्बन्ध छैन । (यादव र रेग्मी, २०५९, पृ. १०४) । कतिपय स्वर, तान, अनुदान र अभिव्यक्तिलाई भाषाका शब्द र संकेतहरूले सम्बोधन गर्न सक्दैनन् । विश्वका प्राय नाम चलेका भाषाहरूमा यी समस्याहरू देखिने गरेका छन् । नेपाली भाषामा पनि यस प्रकारका जटिलता आउनु स्वभाविक नै हो । नेपाली भाषाको जननी संस्कृत भाषा भएकाले संस्कृतको लिखित स्वरूपसँग वर्तमान आधुनिक कथ्यस्वरूपको तुलना गर्दा यस प्रकारका जटिलताहरू देखिएका हुन् त्यसैले गर्दा नेपाली शब्दको अक्षरीकरणमा देखिएका उपर्युक्त तमाम समस्याहरूलाई सम्बोधन गर्न फरक फरक आयामबाट यो भाषाको स्वरूप यसको अभिव्यक्ति पक्ष तथ्य संरचना र अर्थगत अभिव्यक्तिसँग जोडिएको ध्वन्यात्मक पक्षलाई समेत ख्याल राख्नुपर्ने हुन्छ ।

विभिन्न किसिमबाट हुने अक्षरको रचना प्रक्रियालाई विभिन्न तरिकाले विश्लेषण गर्न सकिन्छ । नेपाली अक्षरको केन्द्रीय र परिधीय भागलाई दृष्टिगत गर्दा केन्द्रकअन्तर्गतका वर्ण अक्षरका केन्द्रीय भागअन्तर्गत पर्दछन् भने आरम्भक र समापकअन्तर्गतका परिधीय माग अन्तर्गत पर्दछन् । स्वर वर्णभन्दा आगाडि आउने हलन्त व्यञ्जनवर्ण एक वा एकभन्दा बढी रहे पनि आरम्भक मानिन्छन् भने स्वरभन्दा पछाडि आउने व्यञ्जन समापक मानिन्छन् । अक्षरलाई लेखनका आधारमा होइन, मानक उच्चारणका आधारमा छुट्याउनुपर्ने हुन्छ । उदाहरणका लागि श्याम शब्दका बिचमा अल्पप्राण य,र,ल,व वर्णहरूमध्ये कुनै एउटासँग जोडिएर संयुक्त व्यञ्जन बनेको छ भने उच्चारणका क्रममा त्यस्ता अल्पप्राण वर्णको द्वित्व हुने गर्दछ । शब्दका बिचमा कुनै महाप्राण व्यञ्जनवर्ण अल्पप्राण य,र,ल,र,व वर्णहरूमध्ये कुनै

एकसँग जोडिएर संयुक्त बनेको छ भने उच्चारणका क्रममा महाप्राण वर्णको द्वित्व हुँदा पहिलो वर्णसँगको वर्ण अल्पप्राण र पछिल्लो महाप्राण हुने गर्दछ ।

कुनै शब्दमा चन्द्रबिन्दको प्रयोग गरिएको छ भने अक्षरीकरण गर्दा त्यसलाई स्वरवर्णसँगै राख्नु पर्ने हुन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षरसंरचना
काँस	काँस्	क्आँस्
बाँस	बाँस्	ब्आँस्

कुनै शब्दमा शिरबिन्दु (ं) को प्रयोग गरिएको छ भने अक्षरीकरण गर्दा उच्चारणअनुसार ङ न, म लेख्नुपर्ने हुन्छ, जस्तोः

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
शंकर	सङ्.कर्	स्अङ्.कअर्
संसार	सन्.सार्	स्अन्.स्आर्
संयम	सम्.यम्	स्अम्.य्अम्

कुनै शब्दमा 'क्ष' प्रयोग भएको छ भने उच्चारणअनुसार छे/क्छ/च्छे/च्छ आदि लेख्नुपर्ने हुन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षरसंरचना
अक्षता	अ.छे.ता	अ.छ्ए.त्आ
शिक्षक	सिक्.छक्	स्इक्.छ्अक्
रक्षक	रच्.छेक्	रच्.छ्एक्

'ज्ञ' नेपाली भाषामा स्वतन्त्र रूपमा उच्चारण हुन सक्दैन । कुनै शब्दमा 'ज्ञ' प्रयोग भएको छ भने अक्षरीकरण गर्दा 'ग्य' लेखिन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
ज्ञानी	ग्याँ.नि	ग्य्आँ.न्इ
आज्ञा	आग्.ग्याँ	आग्.ग्य्आँ

शब्दका बिचमा अल्पप्राण य,र,ल,व वर्णहरूमध्ये कुनै एउटासँग जोडिएर संयुक्त व्यञ्जन बनेको छ भने उच्चारणका क्रममा त्यस्ता अल्पप्राण वर्णको द्वित्व हुन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
सत्य	सत्.त्य	स्अत्.त्य्अ
कन्या	कन्.न्या	क्अन्.न्य्आ
पत्र	पत्.त्र	प्अत्.त्र्अ
खस्रो	खस्.स्रो	ख्अस्.स्र्ओ
विद्वान्	बिद्.द्वान्	ब्इद्.द्व्आन्

शब्दका बिचमा कुनै महाप्राण व्यञ्जनवर्ण अल्पप्राण य,र,ल,र,व वर्णहरूमध्ये कुनै एकसँग जोडिएर संयुक्त बनेको छ भने उच्चारणका क्रममा महाप्राण वर्णको द्वित्व हुँदा पहिलो वर्णसँगको वर्ण अल्पप्राण र पछिल्लो महाप्राण हुने गर्दछ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
सभ्य	सब्.भ्य	स्अब्.भ्य्अ
तथ्य	तत्.थ्य	त्अत्.थ्य्अ
ओछ्यान	ओच्.छ्यान्	ओच्.छ्य्आन्

'ञ' र 'ण' नेपाली कथ्य वर्ण मानिदैनन् । कतिपय शब्दमा प्रयोग भएका 'ञ' र 'ण'का ठाउँमा 'न'को प्रयोग हुन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षरसंरचना
सञ्चार	सन्.चार्	स्अन्.च्आर्
दण्ड	दन्.ड	द्अन्.ड्अ

कतिपय य, र, ल, व सँग गाँसिएका संयुक्त व्यञ्जनभन्दा अगाडिको अल्पप्राण व्यञ्जन वर्णको द्वित्व उच्चारण हुन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
अन्याय	अन्.न्या.य	अन्.न्य्आ.य्अ
कन्या	कन्.न्या	क्अन्.न्य्आ
विद्यार्थी	बिद्.ध्यार्.थि	ब्इद्.ध्य्आर्.थ्इ

'ई' र 'ऊ' नेपाली लेख्य स्वर वर्ण भएपनि उच्चारणका हिसाबले ती दुबै 'इ' र 'उ' को अलग अस्तित्त्व देखिँदैन । कुनै शब्दमा दीर्घ 'ई' र 'ऊ' प्रयोग गरिएको छ भने अक्षरीकरण गर्दा उच्चारणअनुसार नै 'इ', 'उ' लेखिन्छ । त्यसका साथै तत्सम शब्दमा प्रयोग भएका 'श' र 'ष' का ठाउँमा अक्षरीकरण गर्दा 'स' को प्रयोग गरिन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
शिशु	सि.सु	स्इ.स्उ
शिशिर	सि.सि	स्इ.स्इ
शोषक	सो.सक्	स्ओ.स्अक्

'ऋ' लाई नेपाली कथ्य स्वरवर्ण मानिदैन । तत्सम शब्दमा प्रयुक्त 'ऋ'का ठाउँमा अक्षरीकरण गर्दा 'रि' लेखिन्छ । जस्तोः

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
ऋतु	रि.तु	र्इ.त्उ
ऋषि	रि.सि	र्इ.स्इ

कतिपय शब्दमा 'व' वर्णको प्रयोग भएको छ भने पनि अक्षरीकरण गर्दा उच्चारणअनुसार 'ब' लेख्नुपर्ने हुन्छ, जस्तो :

शब्दहरू	मानक उच्चारण	अक्षर संरचना
विवाद	बि.बाद्	ब्इ. ब्आद्
विनोद	बि.नोद्	ब्इ. न्ओद्
विकास	बि,कास्	ब्इ. क्आस्

समस्या समाधानका उपायहरू

भाषा एउटा विचार विनिमयको माध्यम हो । त्यसैले यसलाई अत्यन्तै सरल र गतिशील बनाउनुपर्छ भन्ने आधुनिक भाषा वैज्ञानिकहरूको ठम्याई छ । संसारका भाषाहरू लाई सरल बनाउने क्रममा त्यसको उच्चारण प्रक्रिया त्यसको लेखन शैली र व्यवहारिक प्रयोगमा सरलता ल्याउन विश्वका चर्चित भाषाहरू का भाषाशास्त्रीहरुले प्रयास गरिरहेका छन् । अंग्रेजीलाई पनि पुरानो अंग्रेजी भन्दा सरल एवं उच्चारणुन्मुख बनाउन प्रयास गरिएको अमेरिकी अङ्ग्रेजीबाट स्पष्ट हुन्छ । जुन बेलायतमा बोलिने अंग्रेजीभन्दा अत्यन्तै सरल र उच्चारणका दृष्टिले लिखितसँग धेरै नजिक पाउन सकिन्छ नेपाली भाषामा पनि उच्चार्य र लेख्य स्वरूपलाई एकरूप बनाउनु आवश्यक छ त्यसका लागि अक्षरीकरणको समस्या सर्वप्रथम समाधान हुन सकेमा यो प्रक्रिया अझै सरल बन्न सक्छ ।

हरेक भाषाको शुद्ध उच्चारण पहिल्याउन त्यसको अक्षरीकरण स्पष्ट हुनु जरुरी छ। नेपाली शब्दको अक्षरीकरणमा देखापर्ने यी समस्याहरूलाई सम्बोधन गर्न विभिन्न उपायहरू प्रभावकारी हुन सक्छन् । नेपाली भाषाको ध्वनिशास्त्रीय अध्ययनलाई अझ गहिरो बनाएर अक्षरीकरणका स्पष्ट र विस्तृत नियमहरू विकास गर्नुपर्छ । त्यसका लागि अक्षरीकरणका नियमहरूलाई मानकीकरण गरी भाषिक प्रयोगकर्ताहरू र शिक्षण सामग्रीमा एकरूपता ल्याउनुपर्छ । नेपाली शब्दहरूको स्वचालित अक्षरीकरण

गर्न सक्ने सफ्टवेयर र उपकरणहरूको विकास गर्नुपर्छ। यसले भाषा शिक्षण र कम्प्युटेसनल भाषाविज्ञान दुवैमा सहयोग पुग्छ । यस सँगसँगै शिक्षण विधिमा सुधार, भाषा शिक्षकहरूलाई अक्षरीकरणका नियम र समस्याबारे प्रशिक्षित गर्नुपर्छ र कक्षाकोठामा व्यावहारिक तथा अन्तरक्रियात्मक शिक्षण विधिहरू अपनाउन प्रोत्साहन गर्नुपर्छ र शब्दहरूको सही उच्चारण अभ्यासमा जोड दिएर अक्षरीकरणका जटिलताहरूलाई व्यवहारिक रूपमा समाधान गर्न सकिन्छ ।

निष्कर्ष

संस्कृत भाषाको विकासको लामो चरणमा यो भाषा खस प्राकृत एवं सौरसेनी प्राकृत हुँदै विभिन्न भारतीय उपमहाद्वीपका क्षेत्रका फरक फरक स्वरूपमा देखा परेको पाइन्छ । हिन्दी, मैथिली, भोजपुरी, बङ्गाली, अवधि, जस्तै नेपाली पनि त्यसको एउटा स्वरूप मानिएको छ । संस्कृत उपजीव्य भाषा भएका कारण नेपाली भाषाको लिखित एवं मौखिक संरचनामा संस्कृतको प्रत्यक्ष र परक्ष प्रभाव रहेको देख्न सकिन्छ। नेपाली भाषा वर्तमान समयमा नेपाल लगायत विश्वका विविध क्षेत्रमा प्रचलित जीवन्त र सरल प्रकृतिको भाषिक स्वरूप हो । यसको लेख्य र कथ्य स्वरूपमा आधारभूत रूपमा कुनै समस्या नभए पनि अक्षरीकरण र त्यसको उच्चारणमा निश्चित वा विशेष शब्दहरूमा समस्या देखिएको पाइन्छ । नेपाली शब्दको अक्षरीकरण भाषिक संरचनाको महत्त्वपूर्ण पाटो भए पनि संयुक्त व्यञ्जन, हलन्तको प्रयोग, द्विध्रुवीकरण, अर्धस्वरको भूमिका र शब्दको व्युत्पत्तिगत भिन्नताजस्ता कारणले यसमा जटिलताहरू देखा पर्छन् । नेपाली भाषा जस्तो लेखिन्छ त्यस्तै बोलिन्छ भन्ने आम मान्यता भन्दा विपरीत कतिपय सवालमा लेखिएका शब्दहरू जस्ताको तस्तै उच्चारण हुन सक्दैनन् भन्ने कुरालाई यस अध्ययनले थप पुष्टि गरेको छ । यी समस्याहरूले नेपाली भाषाको शिक्षण, सिकाइ र यसको कम्प्युटरजनित प्रयोग र सम्पादनमा चुनौती सिर्जना गरेका छन् । भाषिक अध्ययनलाई अझ गहिरो बनाउँदै अक्षरीकरणका स्पष्ट र मानकीकृत नियमहरू विकास गरी प्रविधिको प्रयोगमार्फत यी समस्याहरूलाई समाधान गर्न सकिन्छ । यसबाट नेपाली भाषाको शुद्धता र प्रयोगमा थप स्पष्टता आउनेछ ।

सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज. (२०५५). *समसामयिक नेपाली व्याकरण.* दोस्रो सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम देवीप्रसाद, पारसमणि भण्डारी र रामनाथ ओझा. (२०६९). *स्नातक नेपाली* काठमाडौं : पिनाकल पब्लिकेसन ।

दाहाल, वल्लभमणि र अरू. (२०४६). *अनिवार्य नेपाली शिक्षण-निर्देशन.* काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

पण्डित, हेमराज. (२०५१). *चन्द्रिका गोरखाभाषा-व्याकरण,* तेस्रो सं., ललितपुर : साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद. (२०४२). *राम्रो रचना मीठो नेपाली.* सातौं सं., काठमाडौं : सहयोगी प्रेस ।

पोखरेल, बालकृष्ण (सम्पा). (२०५२). *नेपाली बृहत् शब्दकोश.* पुनर्मुद्रण, काठमाडौं : ने.रा.प्र.प्र. ।

पोखरेल, माधवप्रसाद. (२०५४). *नेपाली वाक्य व्याकरण.* काठमाडौंः ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि (सम्पा.). (२०४५)). *नेपाली व्याकरणका केही पक्ष,* काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई, रोहिणीप्रसाद, (२०३३). *बृहत नेपाली व्याकरण.* काठमाडौँः ने.रा.प्र.प्र.।

भण्डारी, पारसमणि, तुलसीराम घिमिरे र शक्तिराज नेपाल. (२०६८). *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी. (२०५८). *भाषाविज्ञान.* कीर्तिपुरः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

Aarts, Bas. (1997). *English Syntax and Argumentation. London: Micmillan Press Ltd.*

Bybee, J. (2001). *Phonology and Language Use. Cambridge*: Cambridge University Press.

Harris, J. (1994). *English Sound Structure*. Oxford: Blackwell Publishers.

Kryatal David. (2003). *A Dictionary of Singuistics and Phonology.* Oxford: Blackwell Publishers.

O'Connor, J. D. (1993). *Phonetics.* London: Penguin Books.

Ferrand, L., Seguí, J., & Grainger, J. (1996*). Masked priming of word and picture naming: The role of syllabic units*. Journal of Memory and Language, 35, 708–723.

Giegerich, H. (1992). *English Phonology*. Cambridge: Cambridge University Press.

Harris, J. (1994). *English Sound Structure*. Oxford: Blackwell Publishers.

Hockett, C. (1955). A Manual of Phonology. Bloomington IN: Indiana University Publications in Anthropology and Linguistics.

Jones, C. (1976). *Some constraints on medial consonant clusters*. Language, 52, 121–30.

Kahn, D. (1980). *Syllable-based Generalizations in English Phonology*. Garland.

Kaye, J., Lowenstamm, J., & Vergnaud, J. -R. (1990). *Constituent structure and government in phonology*. Phonology Yearbook, 7, 193–231.

Martens, E., Daelemans, W., Gillis, S., & Taelman, H. (2002). *Where do syllables comefrom? In W. Gray& C. Schunn* (Eds), Proceedings of the Twenty-Fourth Annual Conference of the Cognitive Science Society (pp. 657–664). George Mason University.

Mehler, J., Dommergues, J. Y., Frauenfelder, U., & Seguí, J. (1981). *The syllable's role in speech segmentation. Journal of Verbal Learning and Verbal Behavior*, 20, 298–305.

Myers, S. (1987). *Vowel shortening in English. Natural Language and Linguistic Theory*, 5, 485–518